प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

प्रदेश नं १, विराटनगर

## प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिएको सूचना

प्रकाशित मिति २०७९/१०/०४

प्रदेश नं. १ सरकार, स्थानीय तह र करुणा फाउण्डेसन नेपालको त्रिपक्षीय लागत साझेदारीमा प्रदेश नं. १ का विभिन्न स्थानीय तहहरूमा सञ्चालन भइरहेको "अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम" कार्यान्वयनको प्रभावकारीता अध्ययन गर्नुपर्ने भएकोले प्रचलित कानून बमोजिम योग्यता पुगेका इच्छुक फर्म /कम्पनी/संस्था/ व्यक्तिहरुले तोकिएको ढाँचामा देहाय बमोजिमको विवरण खुलाई सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस मन्त्रालयको सामाजिक विकास महाशाखामा प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. इच्छुक प्रस्तावदाताले तोकिएको ढाँचामा प्राविधिक तथा आर्थिक प्रस्ताव तयार गरी छुट्टाछुट्टै खाममा सिलबन्दी गर्दै पुन: एउटै खाममा सिलबन्दी गरी सिलबन्दी खामको बाहिर नाम, ठेगाना, फोन नं र विषय उल्लेख गरी सहिछाप समेत गरी मन्त्रालयमा दर्ता गर्नुपर्नेछ। रीत नपुगेको, म्याद नाघी आएको, सहिछाप र सिलबन्दी नभएको तथा यस सूचना सम्बन्धी कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको प्रस्ताव उपर कुनै कारवाही हुने छैन।

२. सूचना प्रकाशित भएको मितिले १५ दिनको ४:०० बजेभित्र यस मन्त्रालय प्रस्ताव दर्ता भई सक्नुपर्नेछ र यसरी दर्ता भएका प्राविधिक प्रस्तावहरु भोलिपल्ट बिहान १०:०० बजे सम्बन्धित प्रतिनिधिहरुको रोहबरमा यस मन्त्रालयमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि प्रस्ताव खोल्न बाधा पर्नेछैन। प्रस्ताव पेश गर्ने र खोल्ने अन्तिम दिन बिदा पर्न गएमा सो कार्य भोलिपल्ट सोही समयमा हुनेछ।

३. प्रस्तावदातालेपेश गरेको सिलबन्दी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने बारे सम्पूर्ण अधिकार मन्त्रालयमा निहित रहनेछ।

४.प्रस्तावपत्रकोढाँचा, कार्यक्षेत्र गत शर्त (TOR) लगायत प्रस्ताव सम्बन्धी थप जानकारी मन्त्रालय तथा मन्त्रालयको वेबसाइट mosd.p1.gov.np बाट प्राप्त गर्न सकिनेछ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

प्रमुख महिला विकास अधिकृत

# अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको प्रभावकारीता अध्ययनका सम्बन्धमा अध्ययन गर्न तयार गरिएको कार्यक्षेत्रगत शर्त (TOR)

## १. पृष्ठभूमि

नेपाल सरकार अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारको संरक्षण गर्न र उनीहरूलाई हरेक मानवअधिकारको उपयोग सुनिश्चित गर्ने प्रतिवद्धता सहित अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी को पक्ष राष्ट्र हो । नेपालको संविधानमा अपाङ्गताको आधारमा कुनै पनि प्रकारको भेदभाव गर्न, सेवा, सुविधा, र अवसरबाट बञ्चित गर्न नपाइने र अपाङ्गता भएका व्यक्तिहरूलाई समावेशिताको सिद्दान्तको आधारमा राज्यका हरेक संरचनामा सहभागिता र प्रतिनिधित्वको अधिकार सुनिश्चित गर्नुपर्ने प्रावधान सुनिश्चित गरेको छ । संविधानले अपाङ्गता भएका व्यक्तिहरूको अन्य सरह सबै सेवा सुविधा र अवसरहरूमा समान रूपमा पहुँच सुनिश्चित गर्न र निर्णय प्रकृयामा उनिहरूको सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गर्न स्थानीय सरकारलाई जिम्मेवारी दिएको छ ।

राज्यको पुनर्संरचना भई नेपालको संविधानले परिकल्पना गरेको संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचनाको गठन भइसकेपश्चात तीनैवटा सरकारको कार्यक्षेत्रभित्र अपाङ्गता सम्बन्धी विषयवस्तु पर्ने भएकाले प्रदेश तथा स्थानीय स्तरमा समेत अपाङ्गता सम्बन्धी विभिन्न नीति तथा कानूनहरू निर्माण भई कार्यान्वयन भइरहेका छन् । प्रदेश सरकार कार्यविभाजन नियमावली, (२०७८) बमोजिम सामाजिक विकास मन्त्रालयले अपाङ्गता भएका नागरिकको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन गर्ने कार्यक्षेत्र रहेको छ। प्रदेश नं १ सरकार, स्थानीय तहहरु र करुणा फाउन्डेसन नेपालको त्रीपक्षिय लागत साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम कार्यान्वयनको प्रभावकारीताका सम्बन्धमा प्रदेश नं. १ स्तरमा अध्ययन गरी आगामी दिनमा नीति तथा कानून निर्माण कार्यक्रम सञ्चालन तथा आगामी कार्य दिशा सम्बन्धमा अध्ययन गरी गराई पृष्ठपोषण प्राप्त गर्न तथा आगामी दिनमा यस कार्यक्रमलाई उपयुक्त दिशा निर्देश गर्न विज्ञ परामर्शदाताबाट सेवा खरिद गर्न आवश्यक भएकाले सो सम्बन्धमा आवश्यक व्यवस्था सहितको (TOR ) निर्माण गरिएको हो।

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर, नेपाल

प्रमुख महिला विकास अधिकृत

## २. कार्यक्रमका उद्धेश्यहरु

अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम कार्यान्वयनको प्रभावकारीता अध्ययनका उद्धेश्यहरु निम्नानुसार रहेका छनः

(क) अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको उद्धेश्य तथा लक्ष्य अनुरुप कार्यक्रम कार्यान्वयनको अवस्थाको लेखाजोखा गर्ने,

(ख) अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रममा समावेश भएका क्रियाकलापहरुको प्रभावकारीताका आधारमा प्राथमिकीकरण गर्ने एवं अति आवश्यक थप क्रियाकलाप उजागार गर्ने,

(ग) परियोजनाको समाप्ती पश्चात प्रदेश सरकार तथा स्थानीय तहको दुईपक्षीय लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने योजना सम्बन्धमा सुझाव पेश गर्न ।

(घ) अपाङ्गता सम्बन्धी कार्यक्रमको निरन्तरता र दिगोपनकालागि सुझाव पेश गर्ने।

## ३. परामर्शदाताको कार्यक्षेत्र र सम्पादन गर्नुपर्ने कार्यहरु

परामर्शदाताले यो कार्यक्षेत्रगत शर्तको अधीनमा रही सामाजिक विकास मन्त्रालयको सामाजिक विकास महाशाखासँग समन्वय गरी यो कार्यक्षेत्रगत शर्तको उद्देश्य अनुरुपको अध्ययन र विश्लेषण गरी मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ। यस प्रयोजनका लागि कार्यक्रम लागू भएका स्थानीय तहहरुमध्ये मोरङ जिल्लाका विराटनगर महानगरपालिका तथा रतुवामाई नगरपालिका, सुनसरी जिल्लाका इटहरी उपमहानगरपालिका तथा हरीनगर गाँउपालिका, पाँचथर जिल्लाका फिदिम नगरपालिका तथा फाल्गुनन्द गाँउपालिका, भोजपुर जिल्लाको भोजपुर नगरपालिका, संखुवासभा जिल्लाको खाँदवारी नगरपालिका, धनकुटा जिल्लाका धनकुटा नगरपालिका तथा साँगुरीगढी गाँउपालिकामा कार्यक्रम सम्बन्धी अध्ययन गर्नु पर्नेछ । यसरी अध्ययन गरी प्रतिवेदन पेश गर्ने उद्देश्यका लागि परामर्शदाताले देहायका कार्यहरू गर्नुपर्नेछः-

(क) प्रदेश नं १ का सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा छलफल र अन्तरक्रिया गरी सुझाव ग्रहण गर्ने,

(ख) कार्यक्रम लागू भएका माथि उल्लिखित स्थानीय तहका प्रमुख, उपप्रमुख तथा कार्यक्रमका फोकल पर्सन, समुदायमा आधारित सहजकर्ता, महिला तथा बालबालिका शाखा/महाशाखाका कर्मचारीहरुसंग छलफल तथा अन्तर्क्रिया गरी प्रतिनिधिमूलक सुझावहरू संकलन गर्ने,

(ग) कार्यक्रम लागू भएका माथि उल्लिखित स्थानीय तहका स्वास्थ्य चौकिका प्रमुख, स्वास्थ्य स्वयंसेविका, अपाङ्गता भएका व्यक्तिहरुको संस्थाका पदाधिकारीहरु, अपाङ्गता भएका व्यक्ति तथा तिनका परिवार, मिलिजुली समूहसंगहरुसँग छलफल तथा अन्तर्क्रिया गरी प्रतिनिधिमूलक सुझावहरू संकलन गर्ने,

प्रमुख महिला विकास अधिकृत

(घ) अपाङ्गताको क्षेत्रमा कार्यरत व्यक्ति, अभियन्ता, सामाजिक विकास संस्था तथा अन्य सरोकारवालाहरूसँग छलफल गर्ने,

(ङ) अध्ययनको मसौदा तयार गरी मन्त्रालय समक्ष पेश गर्ने ।मन्त्रालयमा सरोकारवालासँगको छलफलमा आएका पृष्ठपोषणलाई समावेश गरी संशोधन सहितको अन्तिम प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्ने ।

परामर्शदाता वा परामर्शदाता संस्थाले पेश गर्नुपर्ने अन्तिम प्रतिवेदनको ढाँचा अनुसूची -१ अनुसार हुनुपर्नेछ।

## ४. परामर्शदाता वा परामर्शदाता संस्थाको जनशक्तिको योग्यता

१. परामर्शदाताको टोली देहाय बमोजिम हुनेछः

| | परामर्शदाताको टोली | योग्यता |
|---|---|---|
| १. | टोली नेता -१ जना | • मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको।<br>• अनुसन्धानको क्षेत्रमा कम्तिमा पनि ३ वर्ष सम्मको अनुभव रहेको । |
| २. | Surveyor - २ जना | • मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक उपाधि प्राप्त गरेको।<br>• अनुसन्धानको क्षेत्रमा कम्तिमा पनि २ वर्ष सम्मको अनुभव रहेको । |
| ३. | सहायक - १ जना | • १०+२ वा सो सरहको उपाधि प्राप्त गरेको।<br>• कम्प्युटरको आधारभूत सीप भएको। |

(क) परामर्शदाता वा परामर्शदाता संस्थाले प्रचलित कानून बमोजिम कर चुक्ता गरेको, कालो सूचीमा नपरेको तथा प्रचलित कानून बमोजिम योग्य भएको हुनुपर्नेछ।

(ख) परामर्शदाता वा परामर्शदाता संस्थाले सम्झौतापूर्व संस्थाको प्रमुख कार्यकारी कर्मचारी तथा आवद्ध विज्ञहरु, जनशक्तिहरुको शैक्षिक योग्यताका प्रमाणपत्रहरु पेश गर्नुपर्नेछ।

## ५. परामर्शदाता वा परामर्शदाता संस्थाले कार्यसम्पन्न गर्ने समयावधि

परामर्शदाता वा परामर्शदाता संस्थाले पेश गर्नुपर्ने प्रतिवेदन सम्झौता भएको मितिले ७५ दिनको हुनेछ ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

प्रमुख महिला विकास अधिकृत

६. कार्यतालिका

देहाय बमोजिम निर्धारित कार्यतालिका अनुसार ७५ दिनको अवधिमा कार्यसम्पादन गर्नु पर्नेछः

| सि.नं. | कार्यविवरण | समयसीमा | जिम्मेवारी | उपलब्धी |
|---|---|---|---|---|
| १. | सन्दर्भ सामग्री अध्ययन, कार्यक्रम संचालन खाका तयारी, प्रारम्भिक कार्ययोजना तयारी र पेश । | सम्झौता भएको ७ दिनमा | परामर्शदाता | प्रारम्भिक कार्ययोजना प्राप्त हुने। |
| २. | मन्त्रालयहरुमा छलफल | प्रारम्भिक कार्ययोजना प्राप्त भएको ३ दिनमा | परामर्शदाता | पृष्ठपोषण प्राप्त भएको हुने |
| ३. | अध्ययनका लागि छनौट भएका पालिकाको स्थलगत भ्रमण, सरोकारवालाबीच छलफल तथा सुझाव संकलन | ३५ दिनमा | परामर्शदाता | |
| ४. | परामर्शदाताबाट अध्ययनको मस्यौदा प्रतिवेदन तयार हुने। | सबै पालिकाहरुको स्थलगत भ्रमण सकिएको १५ दिनमा | परामर्शदाता | प्रारम्भिक मस्यौदा प्राप्त |
| ५. | अध्ययनको मस्यौदा प्रतिवेदनमा मन्त्रालयमा छलफल गर्ने। | परामर्शदाताबाट अध्ययनको मस्यौदा प्रतिवेदन तयार भएको १० दिनमा | परामर्शदाता | मन्त्रालयबाट पृष्ठपोषण प्राप्त भएको हुने |
| ६. | अन्तिम प्रतिवेदन प्राप्ति | मन्त्रालयमा छलफल भएको ५ दिनमा | परामर्शदाता | अन्तिम प्रतिवेदन प्राप्त हुने |

प्रमुख महिला विकास अधिकृत

## ७. परामर्शदाता वा परामर्शदाता संस्थाले पाउने सेवा सुविधाहरु

परामर्शदाताको सेवा सुविधा परामर्शदाताबाट पेश भई मन्त्रालयबाट स्वीकृत भएको प्रस्तावका आधारमा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

## ८. परामर्शदाता वा परामर्शदाता संस्थाले गर्नुपर्ने अन्य कार्यहरु

यस कार्य क्षेत्रगत शर्तमा उल्लेख नभएका अन्य कुराहरु सम्झौता पत्रमा समावेश गरिनेछ।

## ९. प्रतिवेदन

अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको प्रभावकारीता अध्ययन सम्बन्धी प्रतिवेदन नेपाली भाषामा तयार गर्नुपर्नेछ। परामर्शदाताले आफूले गरेको अध्ययनको अन्तिम मसौदा प्रतिवेदनसाथ मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ । परामर्शदाताले उक्त प्रतिवेदनको हार्ड कपि ५ प्रति बाइन्डिङ गरेको तथा ईलेक्ट्रोनिक कपि समेत मन्त्रालयमा पेश गर्नु पर्नेछ। अध्ययन कार्यमा आवश्यक पर्ने कम्प्युटर ल्यापटप अफिस कोठा सवारीसाधन वा अन्य लजिस्टिक सामग्रीको व्यवस्था परामर्शदाता आफैले गर्नुपर्नेछ।

## १०. भुक्तानी विधि

यस कार्यक्रम संचालन गर्न छनौट भएको परामर्शदाता संस्था/कम्पनीसँग सम्झौता भएको मितिबाट ७५ दिनमा कार्य सम्पन्न गरिसक्नु पर्ने भएकाले कार्यक्रम अवधिमा जम्मा २ पटक भुक्तानी दिईने छ । भुक्तानी प्राप्त गर्न निम्न उपलब्धिहरु परामर्शदाता संस्था/कम्पनीले सुनिश्चित गरेको हुनु पर्नेछ।

| कार्य उपलब्धी | समय | भुक्तानी % |
|---|---|---|
| सन्दर्भ सामग्री अध्ययन, कार्यक्रम सञ्चालन खाका तयारी, प्रारम्भिक कार्ययोजना तयारी र पेश | सम्झौता भएको मिति बाट २१ दिन भित्र | २०% |
| सम्झौता तथा कार्यशर्त अनुसार सम्पूर्ण कार्यक्रम सम्पन्न गरि प्रतिवेदनहरु पेश र स्वीकृत भए पछि | कार्यसम्पन्न प्रतिवेदन स्वीकृत भएको मिति बाट १५ दिन भित्रमा | ८०% |

## ११. बजेट तथा लागत अनुमानः

यस कार्यको लागि सम्पूर्ण कर सहित रु. ६,५०,८८०। (छ लाख पचास हजार आठ सय अस्सी) लागत अनुमान रहेको छ।

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर, नेपाल

प्रमुख महिला विकास अधिकृत

<u>अध्ययन सामग्री</u>

१. अपाङ्गता भएका व्यक्तिहरुको प्रदेश स्तरीय समिति गठन सम्बन्धी कार्यविधि, २०७६

२. अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम (सञ्चालन) निर्देशिका, २०७६

३. समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता छनौट (नमुना) कार्यविधि, २०७६

४. अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०७७

५. स्थानीय तहमा अपाङ्गता सहायता कक्ष सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

६. अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण तथा एवं संस्था सुदृढीकरण मार्गदर्शन, २०७९

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

प्रमुख महिला विकास अधिकृत

अनुसूची -१

**प्रतिवेदनको ढाँचा**

- परामर्शदाता वा परामर्शदाता संस्थाको भनाई
- अध्ययनको सारांश (Executive summary)
- विषय सूची

    १. शीर्षक

    २. पृष्ठभूमी

    ३. कार्यक्रमका उद्देश्यहरु

    ४. अध्ययन विधि (Methodology)

        ४.१ तथ्यांङ्क संकलन प्रकृया

        ४.२ तथ्यांङ्क प्रस्तुतीकरण

        ४.३ तथ्यांङ्क विश्लेषण

    ५. निष्कर्ष

    ६. सुझावहरु

    ७. अनुसुचीहरु

    फोटोहरु

प्रतिवेदकको नामः

पदः

दस्तखतः

परामर्शदाता वा परामर्शदाता संस्थाको छापः

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

प्रमुख महिला विकास अधिकृत

## प्राविधिक प्रस्तावको ढाँचा

### १. संस्थागत विवरण

| क्र.सं. | विषय | संस्था/फर्म/कम्पनीको विवरण |
|---|---|---|
| १ | संस्था दर्ता भएको निकाय र ठेगाना | |
| २ | संस्था दर्ता भएको मिति | |
| ३ | संस्था दर्ता नम्बर | |
| ४ | संस्था नवीकरण भएको मिति | |
| ५ | संस्थाको ठेगाना | |
| ६ | संस्थाको फोन नं. | |
| ७ | संस्थाको इमेल र वेबसाइट | |
| ८ | सम्पर्क व्यक्तिको नाम र पद | |
| ९ | सम्पर्क व्यक्तिको फोन तथा इमेल | |
| १० | भ्याट नं. | |
| ११ | संस्था/फर्मको उद्देश्य | |
| १२ | संस्थाको विषयगत कार्यक्षेत्र | |

### २. संस्थाको वित्तीय अवस्था

संस्थाको गत तीन आर्थिक वर्षको कारोबार विवरण तपसिल बमोजिम रहेको छः-

| आर्थिक वर्ष | कारोबार रकम (रु. लाखमा) | कैफियत |
|---|---|---|
| २०७९/०८० | | |
| २०७८/०७९ | | |
| २०७७/०७८ | | |

### ३. संस्थाको भौतिक सम्पत्ति तथा सामग्री विवरण

| क्र.स. | विवरण | इकाइ | सम्पत्ति वा सामग्रीको अवस्था | कैफियत |
|---|---|---|---|---|
| | | | | |

### ४. मानव संशाधन

| क्र.स. | कर्मचारीको नाम | पद | लिङ्ग | शैक्षिक योग्यता | कार्य अनुभव क्षेत्र | कार्य अनुभव वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर, नेपाल

प्रमुख महिला विकास अधिकृत

५. अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम प्रभावकारीता अध्ययन सम्पादन गर्ने तरिका

- अध्ययन सम्पादन गर्ने प्रकृया/विधि प्रकृया (विस्तृत रुपमा उल्लेख गर्नुपर्ने),
- प्रश्नावलीको ढाँचा,
- कार्य तालिका (Work Schedule),
- कार्य क्षेत्रगत शर्त (TOR) मा उल्लिखित बुँदाहरू पालन गर्न मञ्जुर भए/नभएको ..... (सहिछाप सहितको TOR को प्रति संलग्न गर्नु पर्ने),
- जिम्मेवार मुख्य जनशक्तिको विवरण,
- अन्य जनशक्तिको विवरण,
- अध्ययनका सम्बन्धमा प्रस्तावदाताको राय ............

६. प्रस्तावदाता संस्थाले विगत तीन वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण

| परियोजनाको नाम | परियोजनामार्फत सम्पन गरिएका मुख्य मुख्य कार्यहरु | कार्य गरेको स्थान | कार्य सम्पन्न गरेको वर्ष | परियोजना वजेट रु. लाखमा |
|---|---|---|---|---|
| | | | | |

प्रस्तावका साथ पेश गर्नु पर्ने अन्य कागजपत्र (क्रमबद्ध रुपमा राख्नुपर्ने)

१. संस्थाको प्रोफाइल

२. संस्था दर्ता तथा नवीकरण प्रमाणपत्र

३. भ्याट दर्ता प्रमाणपत्र

४. आ.व. २०७८/०७९ सम्मको करचुक्ता प्रमाणपत्र

५. गत तीन आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन

६. संस्था कालो सूचीमा नपरेको स्वघोषणापत्र

७. संस्थाको भौतिक पूर्वाधार र उपकरण विवरण

८. संस्थाको प्रमुख कर्मचारी, आवद्ध विज्ञहरु तथा अन्य जनशक्तिको विवरण (CV), शैक्षिक प्रमाण पत्र र कार्यानुभव

९. अन्य विवरण (भएमा)

परामर्शदाता वा परामर्शदाता संस्थाको तर्फबाट

नामः

पदः

दस्तखतः

संस्थाको छापः

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

प्रमुख महिला विकास अधिकृत

## आर्थिक प्रस्तावको ढाँचा

परामर्शदाता वा परामर्शदाता संस्थाको नाम, ठेगानाः

सम्पर्क व्यक्तिको नामः

सम्पर्क व्यक्तिको सम्पर्क नंः

प्रस्तावको विषयः अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको प्रभावकारीता अध्ययन

| विवरण | इकाई | दर | | जम्मा लागत | कैफियत |
|---|---|---|---|---|---|
| | | अङ्क | अक्षर | | |
| टोली नेता १ जनाको पारिश्रमिक | | | | | |
| surveyor २ जना पारिश्रमिक | | | | | |
| सहायक १ जना पारिश्रमिक | | | | | |
| यातायात खर्च | | | | | |
| सरोकारवालाहरुसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रमको चिया खाजा खर्च | | | | | |
| प्रिन्टिङ/फोटोकपी/प्रतिवेदन तयारी | | | | | |
| विविध | | | | | |
| जम्मा | | | | | |
| मु.अ.क (VAT) | | | | | |
| मु.अ.क सहित जम्मा | | | | | |
| कुल जम्मा | | | | | |

परामर्शदाता वा परामर्शदाता संस्थाको तर्फबाट

संस्थाको छाप

नामः

पदः

दस्तखतः